नेपाल वायुसेवा

# आकाश भैरव
AAKASH BHAIRAB
In-House Journal

Vol. 43, No. 4 Magh-Falgun (2080) February-March (2024)

## जापानको नारितामा अन्तरक्रिया एवम् परिचयात्मक कार्यक्रम सम्पन्न

नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारी, संचालक समिति सदस्य श्री किशोर कुमार प्रधान, बजार व्यवस्थापन विभागका निर्देशक टंकनिधि दाहाल, निगमका कानुनी सल्लाहकार श्री सुशील कुमार पन्तद्वारा निगमको जापानको नारितामा रहेको कार्यालयको अनुगमन तथा निरीक्षण कार्य सम्पन्न भयो । कार्यालय अनुगमन तथा निरीक्षणका क्रममा कार्यकारी अध्यक्षको निर्देशनानुसार कार्यालयमा आगन्तुक पुस्तिका राख्न शुरूवात गरियो । त्यस्तै जापानस्थित विभिन्न ट्राभल एजेन्सी, टुर प्याकेज सञ्चालन गर्ने व्यवसायीहरू समेतको सहभागितामा अन्तरक्रिया एवं परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

नेपाल वायुसेवा निगमको जापानस्थित नारिता स्टेशनमा भएको उक्त कार्यक्रममा ट्राभल एजेन्सी, टुर प्याकेज व्यावसायीहरूले जापानमा बसो बास गरिरहनुभएका नेपालीहरूलाई सहज हुने प्रतिस्पर्धी भाडादरका साथै जापानी पर्यटकहरूलाई समेट्न सके ठूलो संख्यामा जापानीहरूलाई नेपाल भित्र्याउन सकिने सम्भावना रहेको बताए । त्यसका साथै निगमको हालको सेवा प्रवाहमा सुधार, Mileage Card, Seat Reservation यात्रु तथा ट्राभल एजेन्सीहरूका लागि सहज तरिकाले लिन मिल्ने गरी Ticketing System को व्यवस्था, Group Fare आदिको व्यवस्था गर्नुपर्ने लगायतका विषयमा आफ्ना भनाइहरू राख्नुभयो ।

उक्त कार्यक्रममा उठेका विषयहरूलाई कार्यकारी अध्यक्षले Feedback को रूपमा लिई आगामी दिनमा सुधार गर्दै लैजानका लागि सम्बन्धित



विभाग/कर्मचारीलाई आवश्यक निर्देशन समेत दिनुभयो । सोही कार्यक्रममा संचालक समिति सदस्य श्री किशोर कुमार प्रधानले SWOT Analysis गरी Strategic Marketing का Tools मार्फत सेवा व्यवस्थित गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा वजार व्यवस्थापन विभागका निर्देशक टंकनिधि दाहालले Holiday Package, Revenue Maximization र Cargo व्यापार बिस्तारका लागि स्टेशनमा कार्यरत कर्मचारीहरूलाई निर्देशन दिनुभयो । साथै निगमले Mileage Card को व्यवस्थापन चाँडै नै शुरू हुने समेत जानकारी गराउनु भयो । सो कार्यक्रममा कन्ट्रि मेनेजर तिलक प्रसाद लामिछानेले निगमको जापान Market Position, Competitive Airlines & Fare र Market को Future Possibilities का बारेमा जानकारी गराउनु भएको थियो ।

## निगमका कार्यकारी अध्यक्षलाई 'कर्पोरेट बिजनेश एक्सिलेन्सी अवार्ड' प्रदान



काठमाडौं । नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीलाई 'कर्पोरेट बिजनेस एक्सिलेन्सी अवार्ड, २०२४' बाट सम्मानित गरिएको छ । कर्पोरेट मिडिया ग्रुप (कर्पोरेट म्यागजिन र कर्पोरेट खबर अनलाइन)ले आफ्नो १६औं वार्षिकोत्सबको अवसरमा उहाँलाई 'बेस्ट एयरलाइन्स अफ द इयर' अवार्ड प्रदान गरेको हो । ३४ वर्षदेखि निगमको विभिन्न विभाग र तहमा रहेर काम गर्नुभएको तथा पछिल्लो समय कार्यकारी अध्यक्ष बनेर निगमलाई पुऱ्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै उहाँलाई 'कर्पोरेट बिजनेस एक्सिलेन्सी अवार्ड' प्रदान गरिएको हो । कर्पोरेट मिडियाकी बिजनेश डाइरेक्टर संगीता खत्रीलगायतले तत्कालीन अर्थमन्त्री महतद्वारा हस्ताक्षरित अवार्ड तथा सम्मानपत्र उहाँलाई प्रदान गर्नुभएको हो ।

# सम्पादकीय

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम नेपाल र नेपालीप्रति सर्वदा उत्तरदायी संस्था हो । बदलिँदो सन्दर्भमा राज्यको अन्तर्राष्ट्रिय स्तरको उपस्थिति थप सशक्त पार्नु पर्ने आवश्यकताबीच राष्ट्रिय ध्वजाबाहकको भूमिका, जिम्मेवारी र महत्वमा थप बढोत्तरी भएको ठहर निगमको हो । राज्यका हरेक आवश्यकता र अफ्ठ्यारोमा आफ्नो निर्णायक उपस्थिति जनाउँदै आएको निगमले आफ्नो स्थापनादेखि नै निरन्तर आन्तरिक तथा अन्तर्राष्ट्रिय गन्तव्यमा राज्यप्रदत्त लोककल्याणकारिताका साथै व्यावसायिक उडान समेतको दायित्व निर्वाह गर्दै आइरहेको छ ।

पछिल्लो समय निगमले आफ्ना अन्तर्राष्ट्रिय गन्तव्यहरू क्रमशः विस्तार गर्दै लगेको छ । अस्ट्रेलिया र दक्षिण कोरिया सिधा उडानको तयारी यसकै उपज हो । निगमले आफ्नो उद्देश्य अनुरूप मुलुकको पर्यटन प्रवर्द्धनमा सशक्त उपस्थिति जनाउने रणनीतिक उद्देश्यलाई टेवा पुऱ्याउने हेतुले दुईवटा न्यारोबडी विमान 'वेट लिज'मा लिने प्रक्रिया आरम्भ गरिसकेको छ । यसका निम्ति अन्तर्राष्ट्रिय बोलपत्र आह्वान पनि भइसकेको छ । निगमले आफ्नो व्यावसायिक कार्ययोजनालाई चुस्त रूपमा कार्यान्वयन गर्ने रणनीति अख्तियार गरे अनुरूप निगमसँग मौजुदा दुइवटा वाइडबडी जहाजलाई जापान, सिड्नी र दक्षिण कोरियाको उडानमा केन्द्रित गर्ने नीति अख्तियार गरिएको छ । उपलब्ध दुईवटा न्यारोबडी जहाजलाई बाँकी गन्तव्यको चाप बहन गर्न गाह्रो हुने भएकोले 'वेट लिज' मार्फत् दुई वटा जहाज थप्ने प्रक्रिया थालिएको हो । यसबाट दिल्ली, दुबई, दोहा, मलेसियालगायतका गन्तव्यमा उडान संख्या थप गर्न सकिने देखिन्छ तथा यसले निगमको आर्थिक उपार्जनमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ । यस बाहेक, भैरहवाबाट समेत अन्य गन्तव्यमा उडान भर्न सहज हुने प्रक्षेपण गरिएको छ ।

पछिल्लो समय निगमको सिनामंगल अवस्थित जग्गामा निगमको केन्द्रीय कार्यालय भवनसहित निगमलाई आवश्यक पर्ने अन्य संरचना निर्माण गर्ने प्रयोजनार्थ भूमिपूजा सम्पन्न भएको छ । यसैबीच राष्ट्रिय ध्वजावाहकलाई हरेक तवरबाट प्रतिस्पर्धी बनाइ यसको साख बढाउने उद्देश्यसहित माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले देखाउनु भएको अठोट र तदारूकता प्रसंशनीय छ । माननीय मन्त्रीले निगमप्रति देखाउनु भएको उच्च आशा र विश्वासले निगमलाई आफ्नो उद्देश्यमूलक नतिजा प्राप्तितर्फ थप अभिप्रेरित गरेको छ । यसै अभिप्रेरणात्मक ऊर्जालाई निगमले कार्य मनोवलका रूपमा आत्मसात् समेत गरेको छ, जसको दीर्घकालीन प्रभाव निश्चय नै रचनात्मक, उत्पादनमूलक र अपेक्षाकृत नतिजामा रूपान्तरण हुने विश्वास छ ।



निगमका कार्यकारी अध्यक्षज्यूद्वारा नवनियुक्त माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री हितबहादुर तामाङज्यूलाई बधाई दिँदै


## सम्पादक मण्डल

प्रधान सम्पादक : अनिल घिमिरे

कार्यकारी सम्पादक : दिक्पाल सुवेदी

सम्पादक : अस्मिता सुवेदी
कल्पना काफ्ले
सुरेश सापकोटा

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ् मेन्टिनेन्स
नुमानन्द गौतम, यात्रुसेवा
छायाँ गुरूङ्, आन्तरिक लेखा परीक्षण
प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट
भाष्कर खनाल, मानव संशाधन
उदय खत्री, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट
यशोदा सिंखडा, बजार व्यवस्थापन
रमेश कुमार पाण्डे, सा.से. तथा सं. व्यवस्थापन
इन्द्र थापा, अर्थ
हरि दत्त पन्त, अपरेसन्श
सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स

प्रकाशन : बाह्रय, जनसम्पर्क तथा प्रचार प्रसार
महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

# निगमका कार्यकारी अध्यक्षद्वारा प्रमुख आतिथ्य ग्रहण

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित अन्तरक्रियासहित स्वागत तथा भेटघाट कार्यक्रममा नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले प्रमुख आतिथ्यता ग्रहण गर्नुभयो । उक्त कार्यकम गैरआवासीय नेपाली संघ जापानका अध्यक्ष श्री नवीन निउरेको अध्यक्षतामा सम्पन्न भएको थियो । निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले उक्त अन्तरक्रिया कार्यक्रममा प्रतिस्पर्धी वायुसेवा कम्पनीको तुलनामा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवाको सेवामा कुनै कमी आउन नदिने गरी व्यावसायिक सुधार गर्न लागिएको बताउनु भयो । अन्तरक्रियासहित स्वागत तथा भेटघाट कार्यकममा बोल्दै अध्यक्ष अधिकारीले अन्य प्रतिस्पर्धी वायुसेवा कम्पनीको भन्दा भाडादर महँगो नहुने गरी समायोजन गरिने, राष्ट्रिय ध्वजावाहकमा जापानी भाषामा सूचना प्रवाहको व्यवस्था, अन्तर्राष्ट्रिय मापदण्डको खानाको व्यवस्था गरिने जानकारी गराउनु भयो । कार्यकारी अध्यक्ष श्री अधिकारीले नेपाली मन भएका सबैले राष्ट्रिय ध्वाजाबाहक जहाजलाई माया गरिदिन हुन र सरकारले पनि आवश्यक सहयोग गरिदिन हुन आग्रह गर्नु भयो ।

अन्तर्राष्ट्रिय रुपमा १० वटा स्टेशनबाट निगमले सेवा दिइरहेको जानकारी दिँदै कार्यकारी अध्यक्ष अधिकारीले जापानबासी नेपालीहरूको माग र जापानिज पर्यटकहरूलाई नेपाल भित्र्याउने उद्देश्यले निकट भविष्यमै जापानको ओशाकाबाट समेत सेवा दिने गरी कार्य भइरहेको जानकारी दिनुभयो । निगमको सामाजिक उत्तरदायित्व अन्तर्गत जापानमा मृत्यु हुने नेपालीहरूको शवलाई नेपाल लैजान सहयोग पुग्ने गरी आवश्यक गृहकार्य अघि बढाउने समेत बताउनु भयो । सोही कार्यक्रममा बोल्दै जापानका लागि नेपाली राजदूत डा. दुर्गा बहादुर सुवेदीले राष्ट्रिय ध्वजावाहकको चन्द्र र सूर्य अंकित झण्डाको विदेशी भूमिमा हुने महत्व र गरिमामाथि प्रकाश पार्नुभयो । 'चन्द्रसूर्य अंकित झण्डाको सम्मानको लागि पनि निगमबाट यात्रा गरिनु पर्ने' बताउनु भयो । राजदूत सुवेदीले निगम मार्फत अरूलाई यात्रा गर्नका लागि प्रतिस्पर्धी भाडादर कायम गरिदिन हुन अनुरोध गर्नुभयो ।



अन्तरक्रियामा भाग लिँदै सहभागीहरूले जापानमा मृत्यु हुने नेपालीको शव नेपाल पठाउँदा सहुलियत दर अथवा निशुल्क गरिनुपर्ने, प्रतिस्पर्धी भाडादर हुनुपर्ने र निगमको सेवा, सुविधालाई चुस्त, दुरूस्त र अन्तर्राष्ट्रिय स्तरको बनाइनुपर्ने लगायतका सुझाव व्यक्त गरेका थिए । कार्यक्रममा कार्यकारी अध्यक्ष अधिकारीलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । गैरआवासीय नेपाली संघ जापानका अध्यक्ष नवीन निउरेको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा नेपाल वायुसेवा निगमका वजार व्यवस्थापन निर्देशक टंकनिधी दाहाल, वरिष्ठ अधिवक्ता सुशील कुमार पन्त, NRN जापानका उपाध्यक्ष सुवास लामिछाने, नेपाल वायुसेवा निगम नारिता स्टेशनका कन्ट्री मेनेजर तिलक लामिछाने, स्टेशन मेनेजर तुलसीराम थापा र फाइनान्स मेनेजर नबिन कुमार तिमलसिनाको उपस्थिति रहेको थियो ।

# निगमद्वारा सुर्खेत-कालिकोट-सुर्खेत उडानको समुद्घाटन



निगमले सुर्खेत-कालिकोट-सुर्खेत वृत्त खण्डमा उडानको समुद्घाटन गरेको छ । मिति २०८० फागुन १४ गते तदनुसार २६ फेब्रुअरी, २०२४ मा नेपाल वायुसेवा निगमको उडान नं. RA-755 बाट 9N-ABU जहाज मार्फत् माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले कालिकोट जिल्ला स्थित सुनथराली विमानस्थलको समुद्घाटन गर्नुभयो । निगमको जहाज सुर्खेत विमानस्थलबाट स्थानीय समयअनुसार बिहान ११:०० बजे उडान भरी ११:२० बजे कालिकोटको सुनथराली विमानस्थलमा अवतरण भएको थियो । उक्त उडानपश्चात निगमसँग जहाजको उपलब्धता भएसँगै कर्णाली प्रदेशको राजधानी सुर्खेतलाई आधार बनाई कालिकोट लगायत हुम्ला, जुम्ला, मुगु र डोल्पामा समेत उडान सञ्चालन गर्ने तथा निकट भविष्यमा कर्णाली भेगका अन्य जिल्लाहरूमा समेत उडान विस्तार गर्ने योजना रहेको निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले बताउनुभयो ।

# पश्चिमाञ्चल क्षेत्रीय केन्द्र, नेपालगञ्जमा तालिम सम्पन्न



निगमको पश्चिमाञ्चल क्षेत्रीय केन्द्र, नेपालगञ्ज र केन्द्र अन्तर्गत कार्यरत कर्मचारीहरूको लागि सञ्चालित ५ दिने तालिम सम्पन्न भएको छ । उक्त केन्द्र र बजार व्यवस्थापन विभागको अनुरोधमा मिति २०८० फाल्गुण ८ देखि १२ गतेसम्म नेपालगञ्जमै सञ्चालित उक्त तालिममा केन्द्रमा कार्यरत र केन्द्र अन्तर्गत स्टेशनमा कार्यरत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

निगममै कार्यरत स्रोत व्यक्तिहरू र नेपाल नागरिक उड्ययन प्राधिकरणमा कार्यरत कर्मचारीमार्फत् प्रशिक्षण दिइएको उक्त तालिममा नेपालगञ्ज स्टेशनको १०, डोल्पा स्टेशनको १ र सिमीकोट, ताल्वा, रूकुम, बाजुरा, जुम्ला र दाङ्ग स्टेशनका क्रमशः २/२ जना गरि जम्मा २३ जना कर्मचारीहरू सहभागी थिए । उक्त तालिममा Dangerous Goods Regulations, Safety Management System, Human Factor, Aviation Security, Emergency Response Plan, Airside Safety / Aircraft Ground Movement सम्बन्धी विषयमा प्रशिक्षण दिईएको थियो ।

# निगमको संचालक समितिका उपाध्यक्ष विक्रम राईलाई निगममा स्वागत



नेपाल वायुसेवा निगमको संचालक समितिका उपाध्यक्ष श्री विक्रम राईलाई निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीबाट निगमको केन्द्रीय कार्यालयमा स्वागत गरियो । स्वागत कार्यक्रममा निगम संचालक समिति सदस्य अमृतमान श्रेष्ठ, नायव महाप्रबन्धक (प्र) तथा विभागीय प्रमुखहरूको उपस्थिति रहेको थियो । नव नियुक्त उपाध्यक्षले निगमको उन्नति प्रगतिका लागि नीतिगत निर्णयहरूमा आफ्नो साथ सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यकारी अध्यक्षले उपाध्यक्ष राईलाई निगमको हितमा रहेर कार्य गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको बताउनुभयो ।

# महाशिवरात्रि पर्वको अवसरमा निगमद्वारा पशुपतिनाथ परिसरमा पानी वितरण



विगत वर्षमा जस्तै निगमले सामाजिक उत्तरदायित्व वहन गर्दै महाशिवरात्रि पर्वको अवसरमा पशुपतिनाथको दर्शन गर्न आउने भक्तजन तथा दर्शनार्थीहरूलाई पशुपतिनाथको मन्दिर परिसरमा खाने पानी वितरण गरेको छ । मन्दिर परिसरमा निगमले स्टल राखेर त्यहीँबाट पानी वितरण गरेको हो । पशुपतिनाथको दर्शन गर्न असङ्ख्य मात्रामा आउने तिर्थालुहरूको भीड लाग्ने भएकोले स्वास्थ सुरक्षाको दृष्टिकोणलाई मध्यनजर गरी मास्क तथा सेनिटाइजर पनि वितरण गरिएको थियो । उक्त कार्यक्रममा निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारी, संस्थागत विभागका उपनिर्देशक दिक्पाल सुवेदी लगायत विभिन्न विभागका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# निगमले दुईवटा 'न्यारोबडी' विमान 'वेट लिज'मा लिने

मुलुकको पर्यटन प्रवर्द्धनमा सशक्त उपस्थितिमार्फत् विदेशी पर्यटकहरूलाई समेत सेवा दिने उद्देश्यका साथ निगमले दुईवटा न्यारोबडी विमान 'वेट लिज' (Aircraft, Crew, Maintenance, Insurance - ACMI) मा लिने प्रक्रिया पारदर्शी ढंगले गर्नको निम्ति तालुक मन्त्रालयसमेतको सहमतिमा सार्वजनिक खरिद ऐन तथा प्रचलित कानून बमोजिम अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरिएको छ । निगमको व्यावसायिक कार्ययोजना अनुरूप हाल निगमसँग मौजुद दुइवटा वाइडबडी जहाज जापान, सिड्नी र दक्षिण कोरिया उडानमा प्रयोग हुने हुँदा अन्य सेक्टरमा हाल उपलब्ध दुइवटा न्यारोबडी जहाजले मात्रै उडान चापको माग धान्न असमर्थ हुने भएकोले थप भएका जहाजले सो चापलाई व्यवस्थापन गरी दिल्ली, दुबई, दोहा, मलेसियालगायतका गन्तव्यमा उडान संख्या थप गरी आय बढाउने तथा भैरहवाबाट समेत अन्य गन्तव्यमा उडान भर्ने योजना रहेको छ । उक्त जहाजहरू आगामी जुलाई २०२४ सम्ममा निगमको उडानमा आइसक्ने अपेक्षा गरिएको छ ।

## नेपाल वायुसेवा निगम र एयर इन्डियाबीच आपसी छलफल



नेपाल वायुसेवा निगम र एयर इन्डियाको प्राविधिक तथा बजार व्यवस्थापनमा आपसी सहकार्य गर्ने लगायत भूमिस्थ सेवालाई अझै व्यवस्थित एवम् प्रभावकारी बनाउने सम्बन्धमा नेपाल वायुसेवा निगम तथा एयर इन्डियाका उच्च पदस्थ अधिकारीहरू बीच छलफल भएको छ । निगमका कार्यकारी अध्यक्ष श्री यूबराज अधिकारीको नेतृत्वमा एक प्रतिनिधि मण्डलले एयर इन्डियाका CEO तथा Managing Director Mr. Campbell Wilson सँग एयर इन्डियाको मुख्यालय नयाँ दिल्लीमा भेटघाट गरी एयरलाइन्सबीच प्राविधिक विषय, बजार व्यवस्थापन र भूमिस्थ सेवामा थप सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

**विभागीय समाचार**

## मानव संशाधन विभाग

पौष, २०८०

### नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री नरोत्तम खतिवडा | ३ | कनिष्ठ सहायक |

### सरुवा/ पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री दिपेन्द्र सापकोटा | ८ | प्रबन्धक | संस्थागत विभाग/दुवई स्टेशन |
| २ | श्री गोकर्ण घिमिरे | ७ | वरिष्ठ प्राविधिक अधिकृत | इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग/गौतम बुद्ध अन्तराष्ट्रिय बिमानस्थल, भैरहवा |
| ३ | श्री भरत कार्की | ६ | अधिकृत | यात्रुसेवा विभाग/साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |
| ४ | श्री दुर्गा कुमारी तिवारी | ६ | अधिकृत | क्वालिटी एसुरेन्स विभाग/यात्रुसेवा विभाग |
| ५ | श्री प्रदिप गैरे | ६ | लेखा अधिकृत | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल/अर्थ विभाग |

| ६ | श्री बल बहादुर सुनार | ५ | वरिष्ठ सहायक | नेपालगञ्ज स्टेशन/दाङ् स्टेशन |
|---|---|---|---|---|

## राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सुरज पौडेल | ६ | अधिकृत |
| २ | श्री सुजन मैनाली | ५ | वरिष्ठ लेखा सहायक |
| ३ | श्री सुवास थापा | ३ | कनिष्ठ सहायक |

## अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री निमानन्द खनाल | ६ | अधिकृत |
| २ | श्री गीता थापा | ३ | हेड लोडर |

माघ, २०८०

## नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री ईश्वरी गिरी | ९ | सुपरिटेन्डेन्ट एएमई |
| २ | श्री जनक अधिकारी | ८ बी | सिनियर को पाइलट |
| ३ | श्री रचेन्द्र जोशी | ८ बी | सिनियर को पाइलट |
| ४ | श्री प्रमोद राज पौडेल | ८ बी | सिनियर को पाइलट |
| ५ | श्री सोहन कुमार महर्जन | ८ | सिनियर एएमई |
| ६ | श्री भैरव बुढा | ५ | वरिष्ठ प्राविधिक |
| ७ | श्री विष्णुदत्त जोशी | ५ | वरिष्ठ लेखा सहायक |
| ८ | श्री दिपेश कुमार यादव | ५ | वरिष्ठ लेखा सहायक |
| ९ | श्री आकाश अधिकारी | ५ | वरिष्ठ लेखा सहायक |
| १० | श्री अनिता पाण्डे | ५ | वरिष्ठ सहायक |
| ११ | श्री राजु मिजार | ३ | कनिष्ठ सहायक |
| १२ | श्री शिशिर राई | ३ | कनिष्ठ सहायक |
| १३ | श्री रूस्तम थापा मगर | ३ | कनिष्ठ सहायक |
| १४ | श्री शिव कुमार गुरूङ् | ३ | सवारी चालक |
| १५ | श्री नविन पुलामी मगर | १ | लोडर |
| १६ | श्री रमेश विटालु | १ | लोडर |
| १७ | श्री नवराज पुन मगर | १ | लोडर |

## सरूवा/ पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री अरूण वैद्य | ७ | वरिष्ठ अधिकृत | ग्राउण्ड सपोर्ट विभाग / बजार व्यवस्थापन विभाग |
| २ | श्री दामोदर भट्टराई | ७ | वरिष्ठ अधिकृत | बजार व्यवस्थापन विभाग/साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |
| ३ | श्री रमेश कुमार पाण्डे | ७ | वरिष्ठ अधिकृत | साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग / बजार व्यवस्थापन विभाग |
| ४ | श्री भागेश्वर विश्वास | ६ | अधिकृत | इन्जिनियरिङ् मेन्टिनेन्स विभाग / विराटनगर स्टेशन |
| ५ | श्री गंगाराम खत्री | ६ | अधिकृत | बजार व्यवस्थापन विभाग / यात्रुसेवा विभाग |
| ६ | श्री साधना कुँवर | ६ | अधिकृत | यात्रुसेवा विभाग/साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |
| ७ | श्री ऋषिकेश पन्थी | ६ | अधिकृत | संस्थागत विभाग / यात्रुसेवा विभाग |
| ८ | श्री होमनाथ पोखरेल | ६ | अधिकृत | यात्रुसेवा विभाग/साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |
| ९ | श्री सुमन कुमार ठाकुर | ५ | वरिष्ठ सहायक | ग्राउण्ड सपोर्ट विभाग/ गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल |
| १० | श्री मुरारी प्रसाद अधिकारी | ५ | वरिष्ठ सहायक | यात्रुसेवा विभाग/ग्राउण्ड सपोर्ट विभाग |
| ११ | श्री अरविन्द यादव | ५ | वरिष्ठ सहायक | यात्रुसेवा विभाग/बजार व्यवस्थापन विभाग |
| १२ | श्री दिपक चिमोरिया | ५ | सिनियर जिइओ कम एस एम | ग्राउण्ड सपोर्ट विभाग/ गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल |
| १३ | श्री राजेश श्रेष्ठ | ५ | सिनियर जिइओ कम एस एम | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल/ग्राउण्ड सपोर्ट विभाग |
| १४ | श्री सुरोज महर्जन | ५ | वरिष्ठ प्राविधिक | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल/ग्राउण्ड सपोर्ट विभाग |
| १६ | श्री तिर्थराज तिमिल्सिना | ५ | वरिष्ठ प्राविधिक | ग्राउण्ड सपोर्ट विभाग/ गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल |
| १७ | श्री कृष्णराम बस्नेत | ४ | सहायक | यात्रुसेवा विभाग/इन्जिनियरिङ् मेन्टिनेन्स विभाग |
| १८ | श्री सिर्जना राई | ४ | सहायक | बजार व्यवस्थापन विभाग / साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |
| १९ | श्री सिर्जना इटनी | ४ | सहायक | यात्रुसेवा विभाग / अपरेसन्स विभाग |
| २० | श्री उज्जवल ढुंगाना | ४ | जिइओ | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल/ग्राउण्ड सपोर्ट विभाग |
| २१ | श्री राम गोविन्द महतो | ४ | जिइओ | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल/ग्राउण्ड सपोर्ट विभाग |
| २२ | श्री कमल नारायण विश्वास | ४ | जिइओ | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल/ग्राउण्ड सपोर्ट विभाग |
| २३ | श्री भुवन कुमार पुलामी | ४ | जिइओ | ग्राउण्ड सपोर्ट विभाग/ गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल |
| २४ | श्री रामप्रसाद काफ्ले | ३ | जुनियर जिइओ | ग्राउण्ड सपोर्ट विभाग/ गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल |
| २५ | श्री रामकृष्ण अर्याल | ३ | जुनियर जिइओ | ग्राउण्ड सपोर्ट विभाग/ गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल |

## राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री महेन्द्र कुमार शर्मा | ६ | अधिकृत |
| २ | श्री निशा कर्ण | ६ | अधिकृत |
| ३ | श्री रामजित चौधरी | ५ | वरिष्ठ सहायक |
| ४ | श्री सरू सिंह | ५ | विमान परिचारिका |
| ५ | श्री माधव घिमिरे | ४ | सहायक |
| ६ | श्री भरत लामिछाने | ४ | सिनियर हेड लोडर |


## Internal Audit Department

**Following tasks have been completed & continued during the period of Magh to Falgun:**

1. Engineering Department's Audit has been completed & the report has been submitted.
2. Ground Support Department's Audit has been completed & the report has been submitted.
3. Human Resource Department's Audit is continuing.
4. Operation Department's Audit is continuing.
5. Audit of the Delhi Station is continuing.
6. Auditing of the Central Unit of Finance Department.

1. International Traffic


The chart below demonstrates the comparison between Available Seat Kilometer (ASKM) and Revenue
Passenger Kilometer (RPKM) from all operating sectors (DEL, BLR, BOM, BKK, KUL, DOH, DXB, NRT,
RUH, and HKG) from the month of Srawan to Magh 2080.




| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH |
|---|---|---|---|---|---|---|---|
| ASKM'000 | 171910 | 177169 | 168224 | 190569 | 176375 | 158505 | 167518 |
| RPKM'000 | 132947 | 137796 | 140349 | 161311 | 147566 | 132512 | 140993 |

Note:
*ASKM= Available Seat Kilometer*
*RPKM= Revenue Passenger Kilometer*

The chart below demonstrates the comparison between Available Ton Kilometer (ATKM) and Revenue
Ton Kilometer (RTKM) from all operating sectors (DEL, BLR, BOM, BKK, KUL, DOH, DXB, NRT, RUH
and HKG) from the month of Srawan to Magh 2080.





| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH |
|---|---|---|---|---|---|---|---|
| ATKM'000 | 21863 | 22668 | 21047 | 24834 | 23105 | 21550 | 25063 |
| RTKM'000 | 14320 | 15098 | 15213 | 16718 | 15738 | 14099 | 15219 |

*Note:*
*ATKM= Available Ton Kilometer*
*RTKM=Revenue Ton Kilometer*

2. Domestic Traffic


The chart below demonstrates the comparison between Available Seat Kilometer (ASKM) and Revenue
Passenger Kilometer (RPKM) from all operating sectors (KEP,IMK,JUM,RUK, BJR,TAL,DOP, BHP,PPL
DNP,TMK,KDN,TPJ,ILM & RSG) from the month of Srawan to Magh 2080.




| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH |
|---|---|---|---|---|---|---|---|
| ASKM'000 | 193 | 371 | 471 | 745 | 586 | 347 | 362 |
| RPKM'000 | 95 | 173 | 325 | 325 | 465 | 246 | 264 |

Note:
*ASKM= Available Seat Kilometer*
*RPKM= Revenue Passenger Kilometer*

The chart below demonstrates the comparison between Available Ton Kilometer (ATKM) and Revenue
Ton Kilometer (RTKM) from all operating sectors (KEP,IMK,JUM,RUK, BJR,TAL,DOP, BHP,PPL,DNP
TMK,KDN,TPJ,ILM & RSG) from the month of Srawan to Magh 2080.




| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH |
|---|---|---|---|---|---|---|---|
| ATKM'000 | 16 | 26 | 39 | 39 | 49 | 29 | 27 |
| RTKM'000 | 7 | 12 | 23 | 12 | 33 | 18 | 16 |

Note:
*ATKM= Available Ton Kilometer*
*RTKM=Revenue Ton Kilometer*

*Compiled by: CFB Division*

## ग्राउण्ड सपोर्ट विभागमा भएका मुख्य उपलब्धिहरू (माघ फागुन, २०८०)

१) ISAGO Audit प्रमाण पत्र 2024 को नवीकरणको लागि डिसेम्बर ११ देखि डिसेम्बर १५ सम्म Ground Handling Services को IATA Safety Audit for Ground Operation- ISAGO अडिट सम्पन्न भई थप दुई वर्षका अर्थात ५ मार्च, २०२६ सम्मको लागि नवीकरण भएको छ ।

२) Ground Support NAC-GSP संग सम्बन्धित Manual GOM I Training Manual Audit Findings को Requirement अनुसार Revision गरिएको ।

३) निगमको Airbus 320 9N AKX को Engine Replacement को लागि ISarel मा Ground Handling, Landing Permit को व्यवस्था मिलाइएको र आवश्यक सहकार्य गरिएको साथै DXB मा Aircraft Security Screening को व्यवस्था मिलाउन आवश्यक सहकार्य गरिएको ।

४) Air Arabia Abu Dhabi, Air Arabia PJSC , TATA SIA Vistara, Indigo, China Southern, Druk Air, Malaysia Airlines, Himalaya Airlines संग Ground Handling सम्बन्धी new revised Side letter सम्पन्न भएको

५) Ground Support Equipment का लागि आवश्यक विभिन्न प्रकारका Automotive Tyre/Tube को खरिदका लागि Re- Tender आह्वान गरी वोलपत्र खोलिएको । Automotive, Oil, Fuel and Air Filter हरूको DTS निर्माण सम्पन्न गरिएको ।

६) Corporate Safety Division संग आवश्यक समन्वय गरी 2023 को SPI/SPT Review गरी आगामी वर्ष 2024 को लागि SPI/SPT Set गरिएको ।

७) Aircraft Brake Cooler Filter हरूको DTS (Detail Technical Specification) निमार्ण गर्ने कार्य सम्पन्न भएको ।

## DUTY ROSTER OF RA CLINIC DOCTORS AT NAC

**Effective from 14 March 2024**

| S. N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. MANEN PRASAD GORKHALY**<br>Consultant, Physician/Neurologist<br>NMC : 1667, Mobile No. : 9851051436 | 14:00-15:00 | | 11:00-12:00 | | 11:00-12:00 | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician, NMC: 1516, Mobile No. 9851053577 | 12:00-13:00 | 12:00-13:00 | | | 12:00-13:00 | |
| 3. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723, Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 11:00-12:00 |
| 4. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687, Mobile No. 9851056689 | | | 16:00-17:00 | | 15:00-16:00 | 13:00-14:00 |
| 5. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679, Mobile No. 9851176411 | 15:00-16:00 | | 14:00-15:00 | 14:00-1500 | | |
| 6. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335, Mobile No. 9801022997 | | 16:00:17:00 | | 16:00:17:00 | | 14:00-15:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996, Mobile No. 9841226322 | 13:00-14:00 | | 13:00-14:00 | 13:00-14:00 | | |
| 8. | **Dr. Nandita Ghimirey**<br>Family Medicine<br>NMC: 2784, Mobile No. 9841777677 | | 15:00:67:00 | 15:00:67:00 | 15:00:67:00 | | |

# Ground Support Department

### TACC Section

### LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police security | |
| 1 | 2080 | Poush | 6 | 6 | 2 | 2 | 0 | 1 | 2 | 21 | 40 | 32 | 3 | 5 | |
| 2 | 2080 | Magh | 4 | 3 | 3 | 3 | 0 | 1 | 0 | 16 | 30 | 17 | 7 | 6 | |
| **Total** | | | **10** | **9** | **5** | **5** | **0** | **2** | **2** | **37** | **70** | **49** | **10** | **11** | |

नोट : उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Abbreviation**

| | | | |
|---|---|---|---|
| Mob: | Mobiles | Cam: | Different types of movie and still camera/watch. |
| Mny: | Money and wallets | ipd: | i-phone, i-pod, i-pad, tablets, Laptop etc. |
| Gld: | Gold and ornaments | Elx: | Other electronic appliances/items, games, pendrives, Power Bank etc. |
| Hov: | Handed over to the related airlines (staff, crew, passengers) | PP | Passport |

# Operations Department

### Performance Report of Flights from Kathmandu

### for the month of Mangsir and Poush, 2080

| Fleet / Month Flight Performance % | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Mangsir | Poush | Mangsir | Poush | Mangsir | Poush | Mangsir | Poush | Mangsir | Poush |
| **Reliability** | 100% | 100% | 100% | - | 100% | 100% | 100% | 100% | 100% | 100% |
| **Punctuality** | 47% | 57% | 93% | - | 81% | 87% | 94% | 95% | 72% | 77% |

## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS
### AS OF Magh & Falgun , 2080

| Region | Magh 2080 | | | | Falgun 2080 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 1,310 | 8,522,496 | 125,120 | 8,647,616 | 1,463 | 9,294,804 | 54,836 | 9,349,640 | 2,773 | 17,997,256 |
| Domestic Total | 1,310 | 8,522,496 | 125,120 | 8,647,616 | 1,463 | 9,294,804 | 54,836 | 9,349,640 | 2,773 | 17,997,256 |
| KTM-NRT | 2,530 | 168,692,760 | 12,143,730 | 180,836,490 | 3,281 | 218,044,452 | 12,830,460 | 230,874,912 | 5,811 | 411,711,402 |
| NRT-KTM | 2,815 | 133,991,716 | 3,921,984 | 137,913,700 | 3,139 | 151,739,868 | 2,878,920 | 154,618,788 | 5,954 | 292,532,488 |
| KTM-DXB | 4,835 | 180,496,340 | 6,926,360 | 187,422,700 | 3,724 | 111,520,720 | 3,231,366 | 114,752,086 | 8,559 | 302,174,786 |
| DXB-KTM | 4,111 | 50323614 | 10588790 | 60,912,404 | 4,112 | 43,662,498 | 12,633,210 | 56,295,708 | 8,223 | 117,208,112 |
| KTM-DEL | 5,537 | 32,912,736 | 1,236,557 | 34,149,293 | 7,108 | 51,206,324 | 1,109,225 | 52,315,549 | 12,645 | 86,464,842 |
| DEL-KTM | 6,045 | 35,125,708 | 827,840 | 35,953,548 | 7,179 | 54,562,132 | 1,445,952 | 56,008,084 | 13,224 | 91,961,632 |
| KTM-KUL | 1,977 | 51,026,916 | 1,991,684 | 53,018,600 | 1,724 | 43,741,492 | 1,850,471 | 45,591,963 | 3,701 | 98,610,563 |
| KUL-KTM | 1,602 | 17,902,046 | 40,080 | 17,942,126 | 1,064 | 15,115,917 | 88,380 | 15,204,297 | 2,666 | 33,146,423 |
| KTM-DOH | 4,488 | 113,671,804 | 1,558,568 | 115,230,372 | 3,876 | 90,746,808 | 4,665,309 | 95,412,117 | 8,364 | 210,642,489 |
| DOH-KTM | 4,024 | 65,397,922 | 5,785,576 | 71,183,498 | 3,907 | 74,465,786 | 5,662,122 | 80,127,908 | 7,931 | 151,311,406 |
| KTM-BKK | 1,623 | 29,638,204 | 524,440 | 30,162,644 | 1,660 | 33,258,430 | 291,272 | 33,549,702 | 3,283 | 63,712,346 |
| BKK-KTM | 1,290 | 46,320,920 | 1,211,016 | 47,531,936 | 1,149 | 41,198,252 | 1,255,225 | 42,453,477 | 2,439 | 89,985,413 |
| KTM-HKG | 946 | 35,198,752 | 3,297,420 | 38,496,172 | 1,209 | 49,760,108 | 2,592,240 | 52,352,348 | 2,155 | 90,848,520 |
| HKG-KTM | 1,233 | 51,270,286 | 3,985,360 | 55,255,646 | 1,000 | 40,563,410 | 2,316,000 | 42,879,410 | 2,233 | 98,135,056 |
| KTM-BOM | 457 | 4,765,386 | 23,710 | 4,789,096 | 928 | 13,154,244 | 93,225 | 13,247,469 | 1,385 | 18,036,565 |
| BOM-KTM | 599 | 5,376,996 | 109,088 | 5,486,084 | 1,021 | 8,191,720 | 324,500 | 8,516,220 | 1,620 | 14,002,304 |
| KTM-BLR | 766 | 9,272,968 | 21,600 | 9,294,568 | 1,078 | 10,397,719 | 86,790 | 10,484,509 | 1,844 | 19,779,077 |
| BLR-KTM | 853 | 5,630,244 | 237,060 | 5,867,304 | 1,140 | 9,623,780 | 373,504 | 9,997,284 | 1,993 | 15,864,588 |
| KTM- DMM | 836 | 28,938,340 | - | 28,938,340 | 908 | 32,345,020 | 9,975 | 32,354,995 | 1,744 | 61,293,335 |
| DMM-KTM | 1,068 | 17,093,350 | 416,160 | 17,509,510 | 810 | 14,230,590 | 338,400 | 14,568,990 | 1,878 | 32,078,500 |
| KUL-BWA-KTM | 233 | 2,594,507 | 13,920 | 2,608,427 | 589 | 7,064,656 | 13,920 | 7,078,576 | 822 | 9,687,003 |
| Intl Total | 47,868 | 1,085,641,515 | 54,860,943 | 1,140,502,458 | 50,606 | 1,114,593,926 | 54,090,466 | 1,168,684,392 | 98,474 | 2,309,186,850 |
| Grand Total | 49,178 | 1,094,164,011 | 54,986,063 | 1,149,150,074 | 52,069 | 1,123,888,730 | 54,145,302 | 1,178,034,032 | 101,247 | 2,327,184,106 |

**Note**:
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.